स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री जसीता गुरुङले राष्ट्रिय टेलिभिजनमा आफ्नो व्यक्तिगत विषय उठाएको भन्दै ग' का दौरान अन्य अभिनेत्रीहरुले जसीताको प्रेम जीवनको बारे कुरा गरेपछि जसीता क्रुद्ध बनेकी हुन्। कार्यक्रमको नियमित प्रस्तोता सुरज सिंह ठकुरीले कार्यक्रम छाडेपछि अहिले ओसिन सिटौला कार्यक्रमको नयाँ प्रस्तोता भएर आएकी छन्। तर, आफ्नो पहिलो एपिसोडमा नै ओसिन विवादमा तानिएकी हुन् । यस प्रश्नको उत्तरले विवाद सिर्जना गर्नेमा दुवै अभिनेत्री सचेत पनि देखिन्छन्।

**आजको विचार...**



रिसव गौतम

**मौद्रिक नीति...** *(दुई पेजमा)*

नेपाल अमेरिका फिल्म फेस्टिभलको सातौ संस्करण सम्पन्न भएको छ । नेपाली फिल्म 'द रेड सुटकेस' स्क्रिनिङसँगै समापन भएको फेस्टिभलको अन्तिम दिन विभिन्न फिल्मलाई पुरस्कृत गरिएको थियो । नेपाल अमेरिका फिल्म सोसाइटीको आयोजनामा भएको फेस्टिभलको मुख्य विधा 'बेस्ट न्यारेटिभ इन्टरनेसनल' मा इरानको फिल्म 'प्रवीण' उत्कृष्ट बन्यो । समापन समारोहमा निर्देशक नवीन सुब्बा र अभिनेता दयाहाङ राई पनि उपस्थित थिए । अभिनेता सुब्बाले नेपाली डायस्पोरामा नेपाली फिल्मको प्रवर्धनमा फेस्टिभल महत्वपूर्ण हुने बताए ।



❒ वर्ष २९ ❒ अंक ३२७ ❒ २०८१ असार १२ गते बुधबार 26 June 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### एसइईको नतिजाको अन्तिम तयारी




**पाल्पा,** असार ११/राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको एसइई परीक्षाको नतिजा सार्वजनिक गर्ने अन्तिम तयारी गरेको छ । कार्यालयले उत्तरपुस्तिका परीक्षण, अङ्कभार प्रविष्ट र 'मिस म्याच'को काम सकेर नतिजा प्रकाशनको अन्तिम तयारी थालेको हो ।

उसले बिहीबारसम्म नतिजा सार्वजनिक गर्ने तयारी गरेको छ । कार्यालयले गत वर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको थियो । यस वर्ष एसइईको नतिजा सैद्धान्तिक र प्रयोगात्मक फरक गरी सार्वजनिक गरिने बताइएको छ । यस वर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अङ्क नल्याउनेलाई एनजी उल्लेख गरिने कार्यालयले जनाएको छ । गत चैत १५ गतेदेखि सुरु भएको एसइईमा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार परीक्षार्थी सहभागी थिए ।

# पाल्पाका किसानलाई धान काट्ने चटारो

***तीन महिना पुग्दा नपुग्दै धान खेतमा पहेंलपुर भइसकेको छ । एकातिर समयमै धान नकाटे पानीले नोक्सान गर्छ भने अर्कोतर्फ छिटो धान भित्र्याएर फेरि बर्खे धान रोप्नु छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार ११/पाल्पाका फाँटहरुमा अहिले किसानलाई चैते धान काट्ने चटारो छ । मध्य असार लाग्नै लाग्दा पूर्वखोलाको जल्पा, रिङ्नेरह र विरकोटका कोही किसानहरु खेतमा धमाधम धान काट्न तल्लीन छन् त कोही धानका भारी पिँठ्यूमा बोकेर खलामा लैजादै छन् । कतै ब्याड राख्दै गरेको त कतै मचामच धान काट्ने र भित्र्याउने गरेका दृश्यले त्यहाँ पुग्दा फाँट नै रमणीय देख्न सकिन्छ ।



बर्खे धान रोप्ने बेला हुन लागेकाले धमाधम चैते धान काट्न थालिएको रिङ्नेरहकी किसान सीता थापाले बताईन् । 'मध्य बर्खा भइसक्यो आकाशको भर छैन जतिखेर पनि पानी दर्किन सक्छ,' उनले भनिन्, 'खेतमा पाकेको धान समयमै भित्र्याउन नसक्ने हो भने धान सबै खेतमै नोक्सान हुन्छ ।' गत चैतमा ब्याड राखेर वैशाखमा थापाले झण्डै ५ रोपनी क्षेत्रफलमा चैते धान रोपेकी थिइन । तीन महिना पुग्दा नपुग्दै धान खेतमा पहेंलपुर भइसकेको छ । एकातिर समयमै धान नकाटे पानीले नोक्सान गर्छ भने अर्कोतर्फ छिटो धान भित्र्याएर फेरि बर्खे धान रोप्नु छ । बर्खे धान खेतीका लागि थापाले एउटा गह्रामा ब्याड पनि राखिसकेकी छन् । 'अब यो खेतको चैते धान भित्र्याउना साथ खेत तयार पार्नुपर्छ,' थापाले भनिन्, 'लगत्तै साउनमा बर्खे धान रोप्ने क्रम सुरू हुन्छ र त्यसका लागि लगभग ब्याड तयार भइसकेको छ ।' वर्षाको डरले धमाधम धान काटेर तत्कालै स्याहार्न लागेको उनले बताईन् । जल्पाकी मिना कामुको परिवारलाई पनि यतिखेर चैते धान भित्र्याउन निकै चटारो छ । उनले केही मानिसहरू लगाएर भए पनि धमाधम धान काटिरहेको बताइन् । 'अब हामीजस्ता किसानले यस्तो बेला घाम,पानी र रात-दिन नभनी काम गर्नुपर्छ,' उनले भनिन्, 'पाकेको बाली समयमै भित्र्याउन नसक्ने हो भने बर्बादै हुन्छ र हाम्रो सबै मेहनत खेर गइजान्छ ।' कामुको खेतमा पनि बर्षे धान खेतीको लागि ब्याड लगभग तयारी अवस्थामा छ । चैत धान काटेर सक्ना साथ फेरि खेत जोत्ने र वर्षे धान रोप्ने क्रम सुरू हुने उनले बताइन् । कामु र थापा जस्तै यहाँका किसानहरुलाई धान स्याहार्न भ्याइ नभ्याइ छ । पुर्वखोला फाँटका अधिकांश किसानहरूले बर्षौंदेखी चैते धान लगाउने गरेका छन् । दुई वाली नै धान खेती लगाएकाले घरकै धान खेतीबाट खान पुग्ने गर्दछ ।



सन्तोष कुमार चौधरी
निमित्त प्रमुख
कृषि ज्ञान केन्द्र पाल्पा

> **बर्खे धान भन्दा चैते धानको उत्पादन राम्रो हुन्छ, सिचाँइ सुविधा भएका ठाउँका किसानहरुले चैते धान लगाउने गरेका छन् । जिल्लामा सिँचाइ सुविधा हुने हो भने बर्खे धान खेती हुने अधिकांश ठाउँमा चैते धान खेती सहजै गर्न सकिने अवस्था छ ।**

असार-साउन र कार्तिक-मंसिरमा नयाँ धान भित्राउने भएकाले बढी भएको बिक्री गरेर आम्दानी समेत गर्ने गरेको किसानहरूको भनाइ छ । पूर्वखोला कृषिका लागि उर्वर भएकाले यहाँका अधिकांस किसान कृषिमा आवद्ध रहेको पूर्वखोला गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुन्दर प्रसाद श्रेष्ठले बताए । उनका अनुसार पालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा कृषिलाई नै प्राथमिकतामा राखेको समेत बताए । चैते धानलाई बर्खे धानजस्तो प्रशस्त पानी नभए पनि हुने तर, सिँचाइको सुविधा भए झनै राम्रो उत्पादन लिन सकिने किसानहरु बताउँछन् । विषेशत: खोला खेतमा चैते धान रोपिन्छ । सिंचाई सुविधा भएका खोला खेतहरुमा चैते र बर्षे गरी दुई पटक धान रोप्ने गरिन्छ । सिंचाईको पानी प्रशस्त भएका पुर्वखोला, रम्भा गाउँपालिका, तिनाउ र रामपुर नगरपालिकाका फाँटहरुमा चैते धान रोप्ने गरिन्छ । जिल्लामा करिव ६ सय ५० हेक्टरमा क्षेत्रफलमा चैते धानको खेती गर्ने गरिएको कृषि ज्ञान केन्द्र पाल्पाका निमित्त प्रमुख सन्तोष कुमार चौधरीले बताए । उनले भने 'बर्खे धान भन्दा चैते धानको उत्पादन राम्रो हुन्छ, सिचाँइ सुविधा भएका ठाउँका किसानहरुले चैते धान लगाउने गरेका छन् ।' प्रमुख चौधरीका अनुसार जिल्लामा सिँचाइ सुविधा हुने हो भने बर्खे धान खेती हुने अधिकांश ठाउँमा चैते धान खेती सहजै गर्न सकिने अवस्था छ । केही वर्ष पहिलेसम्म चैते धान रोप्ने किसानलाई सरकारले प्रोत्साहन स्वरूप धानको बिउ नि:शुल्क रूपमा प्रदान गर्दथ्यो । तर, पछिल्लो समय बिउ पनि दिन छोडिएको छ । कृषि ज्ञान केन्द्रले भने कृषि प्रदर्शन कार्यक्रम अर्न्तगतको बजेटमार्फत रामपुरको तल्लो बढेमानको १० हेक्टर र अघाखोलामा ६० रोपनी क्षेत्रफलमा चैते ५ जातको धानको विउ दिइएको प्रमुख चौधरीले एनजेडीसँगको कुराकानीमा बताए ।

## 'चट्याङको समयमा सतर्क रहौं।'

**चट्याङबाट बच्ने उपाय :**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## विद्यार्थीसँग पुष्पलाल : जीवनी र योगदानका बारेमा चर्चा

**कृष्ण पोखरेल**

**पाल्पा,** असार ११/पुष्पलाल स्मृती प्रतिष्ठान नेपालले विद्यार्थीसँग पुष्पलाल अन्तर्क्रिया कार्यक्रम गरेको छ । प्रतिष्ठानले पुष्पलाको १०० औं जन्मोत्सवको अवसरमा विद्यार्थीसँग पुष्पलाल कार्यक्रम गरेको हो ।

प्रतिष्ठानले जनता माध्यमिक विद्यालय कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुसँग पुष्पलालको जीवनी, व्यवहार, काम कर्तव्य जिम्मेवारी, राजनीतिक आन्दोलन तथा परिवर्तन तथा नेपालमा प्रजातन्त्र पुर्नवहालीको लागि खेलेको भूमिकाका बारेमा चर्चा गरेको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले पुष्पलाल एक परिवर्तनकारी नेपाली योद्धा भएको, सर्वहारा, श्रमजिवीहरुको नेतृत्वगर्ने सादा जीवन उच्च विचारका व्यक्ति रहेको बताए । उनले



विद्यार्थीहरुले जीवन सफल बनाउन, देशलाई माया गर्न, देश विकासको भावना जागृत गर्ने पुष्पलाल, विपी कोईराला जस्ता सादा जीवन उच्च विचारका व्यक्तिहरुको जीवनी दर्शनहरु अध्ययन गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा प्रतिष्ठानका संरक्षक एवं तानसेन नगरपालिकाका पूर्व नगर प्रमुख अशोक कुमार शाहीले पुष्पलालको जीवनी सर्घषका कथाहरु सबै व्यक्तिहरुले अध्ययन गर्नुपर्नेमा जोड दिए । युवा तथा विद्यार्थी वर्गले पुष्पलालको जीवनीबाट धेरै कुराहरु सिक्ने, देशप्रेमको भावना जागृत हुने, स्वदेशमा केही गर्नुपर्छ भन्ने भावनाको विकास हुने उनले विश्वास व्यक्त गरे । अहिलेका युवा तथा विद्यार्थीहरुले राजनीतिक चेतनामा चासो दिनुपर्ने अन्यथा भोलीका दिनमा राजनीतिक नेतृत्व गर्ने युवा जमातको कमी हुने पुर्व नगर प्रमुख शाहीले बताए ।

कार्यक्रममा जनता माविका व्यवस्थापन समितिका अध्यक्ष रामजी पोखरेलले व्यक्तिगत स्वार्थ, संर्किण भावना भन्दा माथी उठेर देश र जनताको हितमा काम गर्ने नेपाली क्रान्तीका अगुवा रहेकाले सबै विद्यार्थीहरुले पुष्पलालको जीवनी अध्ययन गर्नुपर्ने र असल कर्महरु आफ्नो व्यवहारमा लागु गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा त्रिभुवन बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख सन्तोष खनालले नेपालमा रहेका ठूला पार्टीहरु नै पुष्पलाल र विपी कोईरालाको दर्शन विचारबाट नै सञ्चालित भएकाले विद्यार्थीहरुले आफ्नो भविष्य राम्रो बनाउन पनि राजनीतिक दर्शन विचार बुझ्नु पर्ने बताए । ...**बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## लागू पदार्थ र अवैध तस्करी रोक्न सबै जुटौं

देशका प्रमुख सहरहरु लागू पदार्थ ओसारपसार तथा बिक्रीवितरणको 'ट्रान्जिट प्वाइन्ट' बन्दै गएका छन् । भारतीय सीमा क्षेत्रबाट भित्रिएका लागूऔषध तराईका जिल्ला हुँदै ठूला सहरमा बिक्रीवितरण हुने गरेको पाइएको छ । लागु पदार्थले मानिसको शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउँछ । यस्ता पदार्थले मानिसको केन्द्रीय स्नायु प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाइमा परिवर्तन ल्याउँछ । कानुनद्वारा निषेधित गाँजा, अफिम, हेरोइन, मर्फिन, कोकिन आदि अवैध लागु औषध हो भने सुर्तीजन्य पदार्थ र मदिरा कानुनद्वारा नियन्त्रित लागु पदार्थ हो । तर यिनीहरुको प्रयोग र कारोबार निर्वाध रुपमा हुँदै आएको छ । प्रहरी प्रशासनले भने यस्ता कारोबारीको जालो भत्काउन सकेको छैन । प्रहरीले बेला-बेलामा विभिन्न स्थानबाट प्रतिवन्धित लागूऔषधसहित कारोबारीहरुलाई पक्राउ गरेर लागू पदार्थ नियन्त्रणमा सक्रियता देखाउँदै आएको भए पनि कानुनको कडा रुपमा कार्यान्वयन हुन सकेको छैन् ।

विश्व समुदायलाई लागु औषधको असर र कारोबारबाट मुक्त गराउन हरेक वर्षको जुन २६ तारिखमा अन्तर्राष्ट्रिय लागू पदार्थ तथा अवैध तस्करी विरुद्धको दिवस मनाउने गरिन्छ । आज पनि देशभर यो दिवस मनाइँदै छ । हरेक वर्ष यो दिवस मनाउने गरिए पनि लागू पदार्थ तथा अवैध तस्करी नियन्त्रणमा चुनौती बढ्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । लागूऔषध प्रयोगकर्ता दिनहुँजसो बढिरहेका छन् । विशेष गरी अधिकांश प्लस टुका विद्यार्थी देखिनुले झनै चिन्ता बढाएको छ । लागूपदार्थको अवैध ओसारपसार, कारोबार एवं आपूर्तिमा कडाइका साथ नियन्त्रण नगर्ने हो भने अपराधिक क्रियाकलाप बढ्नुको साथै समाजमा अशान्ति पैदा हुन्छ । विभिन्न पेसा र आवरणमा लागू पदार्थको कारोबारी गर्ने व्यक्तिहरुको सूक्ष्म अनुसन्धान गरी नियन्त्रण गर्नुपर्छ । त्यसका लागि प्रहरीको अभियानमा नागरिक समाज, अभिभावक र शैक्षिक संघसंस्थाको भूमिका झनै महत्वपूर्ण रहन्छ । यसर्थ लागू पदार्थ र अवैध तस्करी नियन्त्रणका लागि सबैले हातोमालो गरेर अगाडि बढ्न जरुरी छ ।

## Opinion @ Social Network

धन सबैको नहोला तर निधन सबैको हुन्छ,
त्यसैले बाचुन्जेल म जस्तो कोही छैन भनेर घमण्ड नगरेकै बेस ।


*(मनीषा आलेको फेसबुक स्टाटसबाट https://www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मौद्रिक नीति : कसिलो कि लचिलो ?



## रिसव गौतम

***मौद्रिक नीतिले महँगी र बेरोजगारी समस्यालाई प्राथमिकता दिएर व्यवस्था गर्नुपर्छ । महँगीले सबैभन्दा प्रताडीत हुने भनेकै गरिब तथा विपन्न वर्ग, न्यून आय भएको वर्ग हो । काठमाडौँबाट मान्छेहरू त्यसै रित्तिएका छैनन् । एकातिर मान्छेका रोजगारी खुम्चिएका छन्, सूचना प्रविधिका कारणले । अर्कोतर्फ आयस्रोत खुम्चिएको छ मन्दी लगायत कारण ।***

आगामी आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले संसद्मा बजेट प्रस्तुत गरिसकेपछि मौद्रिक नीतिबारे मन्थन सुरु भएको छ । नेपाल राष्ट्र बैङ्कले पनि मौद्रिक नीति निर्माणको गृहकार्य थालिसकेको छ । एक खालको परस्पराजस्तै बनिसकेको मौद्रिक नीतिको मन्थनमा अक्सर व्यापारिक सङ्गठनहरू, बैङ्करहरू सहभागी हुने गर्छन् । खासगरी बैङ्क तथा वित्तीय संस्थाका सञ्चालक तथा साहुहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मन्थनमा सहभागी हुन्छन् । मौद्रिक नीतिबारे तारे होटलमा मन्थन हुने गर्छ, तर त्यहाँ न्यून मध्यम वर्गीय तथा गरिब किसानको आवाज र माग मुखरित हुँदैनन् । किनकि उनीहरूको सहभागिता त्यहाँ हुँदैन । केन्द्रीय बैङ्क र सरकारको समेत सल्लाहकारको भूमिकामा रहेको नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति सम्बन्धमा किन व्यापारीको मात्रै कुरा सुन्छ ? किन सर्वसाधारण जनताको आवाज सुन्दैन ? तारे होटलहरूमा अक्सर व्यापारिक सङ्गठनले नै त्यस्ता बहस कार्यक्रमको आयोजना किन गर्छन् ? जहाँ उनीहरूका माग सुनाइन्छन् । बैङ्कहरूका लागि मौद्रिक नीति यो खालको सम्बोधन गर्नुपर्‍यो, व्यवसायीका लागि त्यो खालको नीति आउनुपर्‍यो भनेर माग सुनाइन्छन् । देशमा व्यापारी र विभिन्न पेसा गर्नेका धेरै खालका सङ्गठन छन् । तिनीहरूले गर्भरनरलाई भेटी बुँदागत रूपमा मौद्रिक नीतिले यो गर्नुपर्‍यो, त्यो गर्नुपर्‍यो भन्छन् । अन्ततः हरेक साल तिनै व्यापारीका, तिनै सै सङ्गठनका माग सम्बोधन हुने गरी मौद्रिक नीति आइरहन्छ । मध्यम वर्ग, गरिब तथा निमुखाका माग नै हुँदैनन् भनेझैँ गरिन्छ, तर देशमा मध्यम तथा गरिब जनताको बाहुल्य छ । मौद्रिक नीतिको आधारभूत अवधारणा नै हरेक मानिसको दैनिकीसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सम्बन्धित छ ।

जस्तो: हिजोआज हरेक मानिसले बैङ्कहरूमा नै आफ्नो अलिअलि भएको पैसा बचत गर्छन् । अथवा आफूसँग पैसा भएन भने बैङ्कसँग कर्जा लिन्छन् । आम मान्छेले लिने कर्जाको ब्याजदर तथा उनीहरूले बैङ्कमा जम्मा गर्ने निक्षेपको ब्याजमा राष्ट्र बैङ्कले ल्याउने मौद्रिक नीतिको नै प्रभाव पर्छ । यस्तै महङ्गी नियन्त्रण गर्ने कुरामा, बजेटका नीति तथा कार्यक्रम सफल तथा असफल बनाउने कुरामा मौद्रिक नीतिको ठुलो भूमिका हुन्छ । त्यसकारण हाम्रोजस्तो आयातमा आधारित र अल्पविकसित देशमा मौद्रिक नीतिको ठुलो महत्त्व छ । मौद्रिक नीतिले रोजगारी सिर्जनादेखि जनताको दैनिकीलाई सहज बनाउने कुरामा समेत सरोकार राख्छ । त्यसकारण मौद्रिक नीतिको बहसमा व्यापारिक सङ्गठनलाई मात्र नभएर आम मान्छेको प्रतिनिधित्व हुन जरुरी छ । आम मान्छेहरू बोलेनन् भनेर उनीहरूलाई सम्बोधनै नगर्ने त हुँदैन । मौद्रिक नीति भनेको सरकारले ल्याएको बजेटलाई सफल बनाउने, आर्थिक वृद्धिको लक्ष्य भेटाउन सहयोग गर्ने औजार हो भन्ने राष्ट्र बैङ्कले नै बिर्सन्छ । महँगी नियन्त्रण गर्ने, आर्थिक सन्तुलन कायम गराउने र विकासको काममा सहजीकरण हुने गरी सरकारका कार्यक्रममाथि सघाउ पुर्‍याउने नै मौद्रिक नीतिको मुख्य प्राथमिकता हुनुपर्छ, तर अहिलेको मुलुकको वास्तविकता के छ ? बैङ्कहरूमा किन पैसा थुप्रिरहेको छ ? किन कर्जा लिनेहरू बढेनन् ? खराब कर्जाको दर किन बढिरहेको छ ? उद्यमशीलता किन मौलाएन ? युवाहरू किन पलायन भइरहेका छन् ? भएभरका गाउँहरू किन रित्तिँदै छन् ? कृषियोग्य जमिनहरू किन बाँझो छन् ? औद्योगिक विकास किन हुन सकिरहेको छैन ? औद्योगिक विकासमा पुँजीको बागडोर सम्हालेका वित्तीय संस्थाहरूको भूमिका के हुन्छ ? उत्पादन क्षेत्रको वृद्धिदर किन खुम्चँदो छ ? आयातमा आधारित सेवा व्यापार र मुद्राको व्यापार मात्र किन भइरहेको छ ? अनौपचारिक अर्थतन्त्रको आयातन किन बढिरहेको छ ? अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन राष्ट्र बैङ्कले कस्ता कदम चाल्न आवश्यक छ ? भ्रष्टाचारी र कमिसनखोर किन बढिरहेका छन् ? विदेशी बैङ्कहरूमा नेपालीको रकम किन बढिरहेको छ ? जनताको रगत र पसिनाले आर्जेको रकम भ्रष्टाचार गरेर विदेशी बैङ्कहरूमा थुपार्ने र अनौपचारिक अर्थतन्त्रको ब्यारोमिटर उच्च बनाउनेहरूविरुद्ध ५०० र १००० का नोटहरूको नोटबन्दी गर्ने गरी किन नसोच्ने ? दलाल र बिचौलियाको बिगबिगी किन छ ? जहाँतहीँ ठगी मात्रै किन छ ? बैङ्कहरूमा कर्जा नतिर्नेहरू किन बढेका छन् ? अधिक तरलताको समस्या किन छ ? हो, यिनै प्रश्नहरूको सेरोफेरोमा मौद्रिक नीति बन्नुपर्छ । यद्यपि मौद्रिक नीति कसिलो भएर हुँदैन, लचिलो र अग्रगामी नै हुनुपर्छ । नियमनमा कडाइ होस् तर नीति लचिलो नै होस् । हरेक नेपालीले देशमै ऋणपान गरेरै केही गर्ने वातावरण मौद्रिक नीतिले देओस् ।

शैक्षिक बेरोजगारहरूलाई सम्बोधन गर्ने गरी नीति आओस् । निश्चय पनि अनुदार एवं कष्टसाध्य मौद्रिक नीतिले देश बन्दैन । हामी पूर्ण रूपमा खुला बजार अर्थतन्त्रको अभ्यासमा छौँ । मूलत: हामी पुँजीवादी आर्थिक मोडलहरू, नीति तथा कार्यक्रमहरू बोकेरै वर्षौंदेखि हिँडिरहेका छौँ । पुँजीवाद आर्थिक विकास र प्रतिस्पर्धाका लागि नराम्रो होइन । यसको विरोध गरेर मात्र हुँदैन । यसको वितरण प्रणाली समन्यायिक हुन सक्दैन भन्ने कुरामा धेरैको विमति छ । तर पनि हामीले संविधानमै समाजवाद उन्मुख हुने परिकल्पना गरेका छौँ । पुँजीवादी आर्थिक प्रणालीकै माध्यमबाट प्रशस्त आर्थिक प्रगति गर्दै समाजवादतर्फ उन्मुख हुने हाम्रो घोषित तथा अघोषित बाटो हो । त्यसकारण मौद्रिक नीति लचिलो नै होस् । आर्थिक विकासलाई टेवा पुर्‍याउने नै होस् । अहिलेको आवश्यकता पनि त्यही हो । समकालीन नेपाली समाजको पेचिलो समस्या भनेको धान्नै नसक्ने महँगी, बढ्दो वित्तीय अपराध, उच्च ब्याजदर, अनेकौँ स्वरूपका ठगी धन्दा आदि हुन् । नेपालमा मात्रै होइन, अन्तर्राष्ट्रिय मुद्रा कोषको पछिल्लो अध्ययन अनुसार विश्वभरि महँगी र बेरोजगारीले सताएको छ ।

मौद्रिक नीतिले महँगी र बेरोजगारी समस्यालाई प्राथमिकता दिएर व्यवस्था गर्नुपर्छ । महँगीले सबैभन्दा प्रताडीत हुने भनेकै गरिब तथा विपन्न वर्ग, न्यून आय भएको वर्ग हो । काठमाडौँबाट मान्छेहरू त्यसै रित्तिएका छैनन् । एकातिर मान्छेका रोजगारी खुम्चिएका छन्, सूचना प्रविधिका कारणले । अर्कोतर्फ आयस्रोत खुम्चिएको छ मन्दी लगायत कारण । झन् बढ्दो महँगी, घर तथा सटर भाडामा बर्सेनि वृद्धि, आर्थिक अराजकता आदिले मान्छेहरू उपायविहीन भएर गाउँ फर्केका हुन् । विदेश पलायन भएका हुन् । त्यसकारण गाउँ फर्केकालाई गाउँमै टिकाउन कृषिमा, पर्यटनमा, घरेलु उद्यममा वित्तीय सहजीकरण गर्ने गरी मौद्रिक नीति आउनुपर्छ । अहिले आर्थिक सङ्कुचन आइरहेको स्वयं अर्थको बागडोर सम्हालेकाले नै बताइरहेका छन् । धेरैजसो सेवा व्यापार र घर-जग्गामा लगानी लगाइरहेका बैङ्कहरू समेत उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने कुरा गर्न थालेका छन् । त्यस कारण अर्थतन्त्रलाई संङ्कुचनमा आउन नदिई विस्तार गर्न पनि कृषि, पर्यटन र उत्पादनमूलक उद्योग क्षेत्रमा लगानी बढाउन आवश्यक छ । अहिले मर्जर नीतिका कारण बैङ्क तथा वित्तीय संस्थाहरू घटेका छन् । राष्ट्र बैङ्कले त्यसमा आफ्नो सफलता देखेको छ, तर सँगसँगै वित्तीय पहुँच घट्न थालेको, बैङ्क चलाउने उच्च घरानाका व्यापारीहरूको हातमा वित्तीय स्रोतको बागडोर पुगेको कुरा भुलेको छ । वित्तीय असमानता बढेको छ । गरिब तथा विपन्न वर्गले ऋण पाउन मुस्किल छ । सहकारी क्षेत्र डुबाइएको छ । एकभन्दा बढी लघुवित्तबाट ऋण लिन नपाउने गरी राष्ट्र बैङ्कले लघुवित्तहरूलाई कसेपछि ग्रामीण क्षेत्रका मानिस उपायविहीन भइरहेका छन् । ऋणका लागि बैङ्कसम्म जाने आँटको विकास उनीहरूमा भएको छैन । ग्रामीण भेगहरूमा वित्तीय साक्षरताको कमी छ । ७५३ वटै स्थानीय तहमा कुनै न कुनै वाणिज्य बैङ्कको शाखा पुगिसकेको भए पनि त्यहाँ उनीहरूले सामाजिक सुरक्षा भत्ता बाँड्ने र अलिअलि गाउँलेका निक्षेप सङ्कलन गर्ने सिवाय अरु गरेका छैनन् । अहिले बैङ्क तथा वित्तीय संस्थाहरूमा मुलुकको जनसङ्ख्या भन्दा डेढ गुणा धेरै अर्थात् ५ करोड १ लाख खाता खोलिएको आँकडा छ । तर तिनै संस्थाहरूमा १८ लाख ४२ हजारले मात्रै कर्जा सेवा पाएका छन् । अर्थात् ६ प्रतिशतले मात्रै बैङ्क तथा वित्तीय संस्थाबाट ऋण पाएका छन्, त्यसमा पनि अधिकांश ठुला सहरका खातावालाले मात्रै पाएका छन् । पढे-लेखेका, व्यापारी वर्ग र पहुँच भएकाहरूले मात्र ऋण पाएका छन् । त्यसले नै प्रस्ट गर्छ कि ग्रामीण क्षेत्रका मानिसको बैङ्क तथा वित्तीय संस्थामा न्यून पहुँच छ । एकातिर सहकारी क्षेत्र ढलेको छ, अर्कोतिर लघुवित्त कसिएको छ, बैङ्कमा वित्तीय पहुँच छैन अनि ग्रामीण भेगका मानिस जाऊन् कहाँ ? फेरि उही साहु महाजनकहाँ ? उही सुदखोरहरूकहाँ ? त्यसकारण आगामी मौद्रिक नीतिले वित्तीय पहुँच र अवसर तल्लो वर्गसम्मलाई सहज रूपमा दिलाउनुपर्छ ।

वित्तीय पहुँचको असमानता घटाउनुपर्छ । मौद्रिक नीतिले कर्जाको ब्याजदर पनि घटाउनुपर्छ । कर्जाको ब्याजदर घटाइयो भने न उत्पादन लागत घट्छ । त्यसले बजार महँगी समेत कम गर्दछ । उद्यमशीलतालाई प्रोत्साहन गर्दछ । उद्यमीय गतिविधि बढ्छन् र रोजगारी सिर्जना हुन्छ । त्यसकारण ब्याजदरलाई न्यून गर्ने कुरामा राष्ट्र बैङ्कको नीतिले अति नै जोड दिनुपर्छ । अनौपचारिक अर्थतन्त्र घटाउने उपाय मौद्रिक नीतिले खोज्नुपर्छ । अर्थतन्त्रमा घुमिरहेका रकमहरू बैङ्क तथा वित्तीय संस्थामा पुग्ने वातावरण सिर्जना गर्नुपर्छ । त्यसो हुँदा विगतको जस्तो तरलता सङ्कटको जोखिम अर्थतन्त्रले भोग्नुपर्दैन । न्यून उत्पादन, अधिक आयात र बढ्दो मुद्रास्फीतिको चपेटा छ नेपाली अर्थतन्त्र । आयातमा निर्भर अर्थतन्त्र भएकाले पनि बर्सेनि मुद्रास्फीति बढेको बढ्यै छ । त्यसकारण उत्पादन बढाउने कुरामा मौद्रिक नीति केन्द्रित हुनुपर्छ । कृषि उत्पादन, औद्योगिक उत्पादनको क्षेत्रमा लगानी बढाउँदा मात्रै उत्पादन बढ्छ र आयातित वस्तुहरू भन्दा हाम्रा उत्पादन सस्तो भई मुद्रास्फीति नियन्त्रणमा आउँछ । त्यसले आम मानिसको जनजीविकामा सहजता प्रदान गर्छ । त्यसकारण सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ल्याउने मौद्रिक नीति लचिलो गरी ल्याउन जरुरी छ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :शुभकार्यको चर्चा चल्नेछ ।परिवारमा सुख सन्तोष छाउनेछ । | **तुला** : नयाँ कामको थालनी या योजना बन्ला । प्रतिष्ठा कमाउने बेला छ । |
| **वृष** : नयाँ कार्यको थालनी हुनेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । | **वृश्चिक** : अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। साथीभाइसँग असमझदारी बढ्ला। |
| **मिथुन** : कला प्रभाव बढ्नेछ । दाम, र प्रतिष्ठा पनि कमाउने बेला छ । | **धनु** : विद्या र नयाँ ज्ञान बढ्नेछ । सामाजिक कार्यमा खर्च बढ्न सक्छ । |
| **कर्कट** : समस्याहरू सिर्जना हुन सक्छन्। प्रेममा मनमुटाव पनि उत्पन्न हुनेछ । | **मकर** : व्यवसायमा लाभ मिल्नेछ । पारिवारिक सद्भाव पनि बढ्नेछ । |
| **सिंह** : शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । | **कुम्भ** : सामाजिक प्रसिद्धि प्राप्त हुनेछ । काममा सफल बनिनेछ । |
| **कन्या** : शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता पनि मिल्नेछ। | **मीन** : यात्रा गर्दा सचेत हुनुपर्नेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । |

कला मनोरञ्जन

# जसितासँग स्वस्तिमा र साम्राज्ञीले मागे माफी







नेपालका टेलिभिजन कार्यक्रमहरु अक्सर विवादित बन्ने गरेका छन् । कार्यक्रमलाई चर्चित बनाउने उद्देश्यले कलाकारहरुलाई अन्टसन्ट प्रश्न सोधिन्छ । र, कलाकारहरुले पनि सोचविचार नगरी अभिव्यक्ति दिँदा त्यसले ठूलो विवाद निम्त्याउने गरेको छ । यतिबेला 'इट्स माइ शा' नामक टेलिभिजन कार्यक्रममा अभिनेत्रीद्वय स्वस्तिमा खड्का र साम्राज्ञी राज्यलक्ष्मी शाहले दिएको अभिव्यक्ति पनि विवादित बनिरहेको छ । कार्यक्रमकी सञ्चालिका ओसिन सिटौलाले 'बजर राउन्डङ्गमा उनीहरुलाई सोधेकी थिइन्, 'धिरज मगरपछि अहिले अनमोल केसीसँग डेट गरिरहेकी अभिनेत्री को हुन् ?' यसको जवाफमा स्वस्तिमाले सबैभन्दा अगाडि 'बजर' दबाएर जसिता गुरुङको नाम लिइन् ।

साम्राज्ञीले भने उनको तीन नायकसँग प्रेम रहेको दाबी गर्दै भनिन्, 'प्रदीप खड्का, धीरज मगर र अनमोल केसी ।' ओसिनले फेरि उनीहरुलाई सोधिन्, 'अनमोल केसीका कतिवटा गर्लफ्रेन्ड थिए र उनीहरुको नाम के हो ?' यसमा साम्राज्ञीले आफूलाई थाहा नभएको बताउँदा स्वस्तिमाले अभिनेत्री आना शर्मा र पूर्वमिस नेपाल अश्मी श्रेष्ठको नाम लिएकी थिइन् । यतिबेला यही विषयले स्वस्तिमा र साम्राज्ञी विवादको भुँमरीमा फसेका छन् । कसैको निजी जीवनको बारेमा यसरी सार्वजनिक कार्यक्रममा भन्नु गलत रहेको भन्दै उनीहरुको आलोचना भइरहेको छ । अनमोल र जसिताले पनि यसबारेमा आपत्ति जनाएका छन् । जसितमाले इन्स्टाग्राममा स्टाटस लेख्दै 'के एक महिला अर्को महिलालाई नीच देखाउनेविरुद्धमा छौं ?' भनेर प्रश्न गरेकी छन् । उनले लेखेकी छन्, 'मैलै कहिल्यै पनि बुझ्न सकिनँ कि मानिसहरु राष्ट्रिय टेलिभिजनमा कसैको निजी जीवनको बारेमा किन कुरा गर्छन्, जबकि उसलाई व्यक्तिगत रुपमा राम्रोसँग नै चिनेको हुँदैन । यो अन्तर्वार्ता हेरेपछि मलाई यी व्यक्तिहरुप्रति धेरै दु:ख लागेको छ । के हामी साँच्चै एक महिला भएर अर्को महिलालाई नीच देखाउनेविरुद्धमा छौं ?' उनले स्वस्तिमा र साम्राज्ञीलाई प्रश्न गर्दै अगाडि लेखेकी छन्, 'के तपाईहरु यो बुझ्न हुन्छ कि तपाईको कार्यले कतिको जीवन प्रभावित हुन्छ ? के तपाईहरु म आफ्नो अतीतमा कुन अवस्थामा गुज्रिएको थिएँ भन्ने जान्नुहुन्छ ? के तपाईंहरुलाई लाग्दैन कि मेरो परिवारले यो हेरिरहेका छन् भन्ने ? एक महिलाको रुपमा तपाईंहरु समाजका लागि कुन तरिकाको उदाहरण स्थापित गर्दै हुनुहुन्छ ? कसैलाई सार्वजनिक रुपमा बदनाम गरेर र उसको निजी जिन्दगीमा चर्चा कमाउनुको कारण के हो ?' जसिताको स्टाटसमा कलाकारदेखि उनका प्रशंसकसम्मले स्वस्तिमा र साम्राज्ञीको अभिव्यक्तिको आलोचना गरेका छन् । उनको स्टाटसमा अनमोलले समेत प्रतिक्रिया जनाउँदै पहिला वास्तविक चरित्रमा ध्यान दिएर त्यसपछि रिल चरित्रमा ध्यान दिन महिलाहरुलाई अनुरोध गरेका छन् । उनले इन्स्टाग्राम स्टोरीमा पनि लेखेका छन्, 'भावनात्मक बदमासी वा मानसिक बदमासी भनेको अर्को व्यक्तिलाई अलग गर्न, खिल्ली वा जिस्काउने शब्दहरुको प्रयोग हो ।

भावनात्मक बदमासीले व्यक्तिको भावना, आत्मविश्वास र आत्म-मूल्यलाई लक्षित गर्छ ।' जसिताले स्टाटस नै लेखेर चित्त दुखाएपछि स्वस्तिमा र साम्राज्ञी दुवैले उनीसँग माफी मागेका छन् । उनको स्टाटसमा कमेन्ट गर्दै स्वस्तिमा लेख्छिन्, 'तिम्रो भावनामा चोट पुर्याएकोमा म साँच्चै माफी चाहन्छु । यो एक रमाइलो कार्यक्रम थियो र धेरै उत्साहजनक तरिकामा प्रकट भयो । तिमी सधैं मेरो लागि एक धेरै राम्रो साथी छौं र एकपटक फेरि म तिमीसँग माफी चाहन्छु ।' त्यस्तै, साम्राज्ञीले आफूले कुनै महिलालाई मात्र नभइ कसैलाई पनि नीच देखाउने बारेमा नसोच्ने भन्दै स्पष्टीकरण दिएकी छन् । 'हामीलाई प्रश्नहरुको यो द्रुत राउन्डमा एक स्थितिमा राखिएको थियो र हामीले नतिजाको बारेमा सोचेका थिएनौं । तर, कुनै पनि तरिकाले तपाईलाई धम्क्याउने प्रयास गरेका थिएनौं । तपाईको भावनामा चोट पुऱ्याएकोमा माफी माग्न चाहन्छु,' उनले जसिताको स्टाटसमा कमेन्ट गर्दै लेखेकी छन् । तर, स्वस्तिमा र साम्राज्ञीको कमेन्टमा धेरैले उनीहरुलाई अश्लिल गालीगलौच गरेका छन् ।

*-फिल्मी खबर डटकम*

# 'यो मन त मेरो नेपाली हो'को सकियो छायाङ्कन

फिल्म 'यो मन त मेरो नेपाली हो'को छायाङ्कन सकिएको छ । सोमबार चलचित्र विकास कम्पनी बालाजुमा 'आँखै रसिलो' गीतको छायाङ्कनसँगै फिल्म सकिएको हो । दीपक शर्माको शब्द तथा सङ्गीत रहेको गीतमा अस्मिता अधिकारी र सविन सुवेदीको स्वर छ । कविराज गहतराजको कोरियोग्राफी रहेको गीतमा रोशन श्रेष्ठ र आयुषा समालसँगै 'मेरो डान्स युनिभर्स'की विजेता खुसी कार्की, नारायण प्रधान, डि आइडीका टप टेन डान्सर नरेश वीर सिंहको अभिनय तथा नृत्य छ ।

अमेरिकामा समेत छायाङ्कन भएको फिल्म झापा, इलाम भारतको सिकिम, दार्जलिङ, जयगाउँ, पश्चिम् बंगाल लगायतको ठाउँमा छायाङ्कन भएको छ । फिल्ममा नेपालको अलावा भारत ,मलेसिया ,पोल्याण्ड, अस्ट्रिया, बेल्जियम, ट्युनिसिया, जर्मनी, साउथ अफ्रिका लगायतका देशका अभिनय छ । साहित्यकार मित्र प्रधान 'नर' को निर्देशन रहेको फिल्म ज्ञानबहादुर प्रधान 'रोशन' ले निर्माण गरेका हुन् ।



फिल्ममा रोशन श्रेष्ठ, विल्सन विक्रम राई, बुद्धि तामाङ 'हैट', विजय बराल, आयुषा समाल, नारायण खाती, भूपेन्द्र लिङ्देन सुवास भण्डारी, विजय सुब्बा, विजिता बर्देवा, देवराज राजवंशी लगायतको अभिनय छ । पद्मा ईश्वर ईन्टरटेन्मेन्ट प्रा.लिको प्रस्तुतिमा बनेको फिल्म शिवं अधिकारीको लेखनका हुन् । *-रातोपाटी डटकम*

# 'इनोसेन्ट' कर्णप्रिय स्वरका संगम करण परियार



चार महिनाअघि गायन रियालिटी शो नेपाल आइडल सिजन ५ का लागि देशव्यापी अडिसन भइरहेको थियो । सातै प्रदेशका प्रमुख सहरमा अडिसन सकिएर संघीय राजधानीमा अडिसन हुँदैथ्यो । यस्तोमा एक २०-२२ वर्षीय युवक जजहरु न्हयू बज्राचार्य, इन्दिरा जोशी र कालीप्रसाद बाँस्कोटा सामुन्ने अडिसन दिन उपस्थित भए । सामान्य कपडा, गोडामा चप्पल, हातमा पञ्जा लगाएका दुब्लो पातलो कदका ती युवकले गाए-शिव परियारको स्वरमा रहेको फिल्म 'ब्याच नम्बर १६' को गीत 'संगी' । उनको गायकी यस्तो थियो कि जजहरु नै मन्त्रमुग्ध बने । स्पष्ट र सुरिलो आवाज, खोट लगाउने कतै ठाउँ थिएन । उनी थिए बर्दियाको बारबर्दिया नगरपालिकाका करण परियार । गीत सकिएपछि जज न्हयूले सोधे- 'तिमी संगीत सिक्ने बाहेक के गर्छौ ?' उनले भने- 'काम गर्छु, कार्पेट फर्निसिङमा डेलिभरी ब्वाइको ।' न्हयूले फेरि भने- 'तिमी गिफ्टेड मान्छे हौ । यदि भगवान छन् भने तिमीलाई भगवानले नै संगीत हालेर पठाइदिएको हो ।' जज इन्दिराले थपिन- 'रेडिमेड जस्तो टक्क मिलेको आवाज ।' न्हयूले फेरि सोधे- 'यस्तो राम्रो आवाज भएको मान्छेलाई कसैले गीत रेकर्डिङ गर्न बोलाएन ?' करणले भने- 'नाइँ' । उनको निर्दोषपन यस्तो थियो कि जजहरुले भनेको कुराको सिधा र सरल जवाफ दिन्थे । न्हयूले 'अब तिमीलाई सुनेपछि धेरैले गीत रेकर्डिङको अफर गर्ने छन्ह' भने । उनको गायकी सुनेर जजहरुले एकपछि अर्को गीत सुनाउन लगाए । उनले निर्धक्क अन्य गीतहरु पनि गाएर सुनाए । जजहरुले सेलेक्ट भएको कार्ड दिन आफूहरुतिर उनलाई बोलाए । जज इन्दिराले भनिन- अहिलेसम्म कहाँ लुकेर बसेका थियौ मेरो राजा ।' अर्का जज कालीप्रसादले भने- 'कार्ड दिनुअघि म तिमीलाई अँगालो हाल्छु ।' तर उनले कार्ड मात्र होइन, गोल्डेन माइक नै पो पाए । गोल्डेन माइक पाउने प्रतिस्पर्धी सिधै अर्को राउन्डमा पुग्न पाउँथे । करणले अडिसनमा गाएको भिडियो प्रसारण भएसँगै यो सामाजिक सञ्जालमा भाइरल भयो । गायक शिव परियारले 'करण भाइलाई देख्दा मेरै संघर्षको बेलाको याद आयो' भन्दै सामाजिक सञ्जालमा पोस्ट गरे । अन्य थुप्रै कलाकार र संगीतप्रेमीहरु करणको प्रशंसा गर्दै भिडियो सेयर गरे । यसरी बर्दियाको एक 'इनोसेन्ट' युवक नेपाल आइडलमा आएसँगै रातारात चर्चित बने । धेरैले त्यतिबेलै भने- 'नेपाल आइडल यिनैले जित्छन् होला ।' नभन्दै शनिबार सम्पन्न नेपाल आइडल सिजन ५ को ग्रान्ड फिनालेमा अरु तीन जना फाइनलिस्ट सचिन विश्वकर्मा, मोहित भुजेल र सलोमी गुरुङलाई दर्शकको भोटको आधारमा पछि पार्दै उनी विजेता चुनिए । विजेता घोषित भएसँगै उनलाई बधाई दिनेहरुको लर्को छ । यस सिजनमा सलोमी फर्स्ट रनरअप, सचिन सेकेन्ड रनरअप र मोहित थर्ड रनरअप भए । संगीतले काठमाडौंसम्म डोऱ्यायो करण सानैदेखि संगीतमा लगाव राख्थे । घरमा, गाउँमा, स्कुलमा गाउँथे । उनलाई पढाएकी स्कुलकी शिक्षिका सुनाउँछिन्, 'हामीले कार्यक्रम सुरु गरेर करणलाई माइक दिएपछि विद्यार्थीहरुलाई बोलाइरहनै पर्दैनथ्यो ।' यसले उनमा संगीतको तिर्खा, लगाव र मेहनत सानैदेखि थियो भन्ने देखाउँछ । सानैदेखि गायक बन्ने बाहेक अरु सपना नै उनले देखेनन् । 'ममी-बाबाले मलाई सुनाउनुहुन्थ्यो, म सानैदेखि गाउँथे रे । बुझ्ने भएदेखि सिंगर बन्ने बाहेक अरु सोचेकै थिइनँ,' करणले भनेका थिए । गाउँमा गीत त गाउँथे तर संगीतको कखरा सिक्ने ठाउँ नै कहाँ थियो र ? त्यसपछि हो उनी काठमाडौं आएको । काठमाडौं आएपछि उनको संघर्ष कम्ता मर्मस्पर्शी छैन । 'सुरुमा काठमाडौं आएपछि म्युजिक सिक्नलाई पैसा थिएन । कतैबाट एक हजार रुपैयाँ म्यानेज गरेर, सरसँग रिक्वेस्ट गरेर सिक्न थालें,' उनी सुनाउँछन् । उनी निराश भएनन् गाउँबाट जे सोच बोकेर आएका थिए, त्यो पूरा हुने बाटोतिरै थियो । काठमाडौं गएपछि गिटार किन्ने उनले सोचेका थिए । तर उनीसँग पैसा थिएन । कार्पेट डेलिभरी ब्वाइको काम गरेर महिना-महिना गरेर केही पैसा जोगाएका थिए उनले । अनि दुई हजार जति जम्मा भएपछि केही पैसा जोरजाम गरी थपेर गिटार किने । काठमाडौं आउँदा उनको कोही थिएन । काम पाउन पनि गाह्रो थियो । करणसँग केही समय त बुवा पनि बसे । त्यसबेला केही समस्या भएन । जब बुवा गाउँ फर्किए, करणलाई खाने, बस्ने समस्या भयो । त्यसबेला उनलाई भरथेग, साथ-सहयोग दिने साथी थिए रोहित । रोहितले आफ्नै घरमा लगेर उनलाई राखे । तीन दिन उनी रोहितको घरमा गएर बसे । आफ्नो साथीको प्रशंसामा करण भन्छन्, 'साथी होस् त यस्तो ।' नेपाल आइडलको फिनाले प्रत्यक्ष हेर्न आएका रोहित आफ्नो साथी करण विजेता बन्दा औधी खुसी देखिन्थे । करणको सांगीतिक आइडल हुन् शिव परियार । उनले नेपाल आइडलमा शिवका केही गीत गाए । अनि शिवसँगै 'संगी' गाउने अवसर पनि पाए । त्यसबेला उनले भनेका थिए- 'मेरो सपना पूरा भयो ।' नेपाल आइडलमा उम्दा प्रस्तुति नेपाल आइडलमा सिजन ५ मा करणले एकपछि अर्को उम्दा प्रस्तुति दिए । उनले कहिले 'संगी' गाए त कहिले 'फूलको थुंगा हौं कि' । अनि कहिले 'के लत बस्यो' जस्तो गजल त कहिले नारायण गोपालको कालजयी गीत 'अल्झेछ क्यारे पछ्यौरी ।' सबै खालका गीतमा उनले जबर्जस्त प्रस्तुति दिंदै जज र संगीतप्रेमी श्रोताको मन जिते । नेपाल आइडलमा आउने धेरै अतिथिहरुले भन्थे- 'वाह, कस्तो मीठो गाएको । तपाई धेरै माथि पुग्नुहुन्छ करण ।' करणले चार महिनाको नेपाल आइडलको अवधिमा आफूलाई थप निखारेका छन् । निकै सिधा-सरल करणलाई यस्तै रुपमा रहिरहन उनलाई जज कालीप्रसाद आशीर्वाद मिश्रित आग्रह गरिरहन्छन् । भन्छन्, 'सांगीतिक आकाशमा उचाइको उडान भर्नु, धेरै नमात्तिनु, नआत्तिनु । खराब मान्छेको संगत पर्नबाट जोगिनु ।' करणले नेपाल आइडलको उपाधि त जिते । तर सांगीतिक आकाशमा सफलताको उडान भर्न आफ्नै गीतको दरिलो साथ चाहिन्छ, ती गीत श्रोता-दर्शकले रुचाउनुपर्छ । करणको संगीत यात्राले बाटो पहिल्याउन थालिसकेको पनि छ । हालै उनले नेपाल आइडलका जज तथा संगीतकार न्हयू बज्राचार्यको संगीतमा एक गीत रेकर्ड समेत गरिसकेका छन् । अनि करणको 'युनिक' आवाजमा गीत रेकर्ड गराउन चाहने संगीतकारहरु पनि धेरै होलान् । गायक शिव परियार करणको निर्दोषपन तथा संगीतप्रति मोह, लगाव र दृढनिश्चयले उनलाई धेरै माथि पुऱ्याउने बताउँछन् । 'करण बाहिरबाट हेर्दा जति निर्दोष देखिन्छ । भित्रबाट पनि उसलाई परिस्थितिहरुले जीवन बाँच्ने सवालमा धेरै कुरा सिकाएको महसुस हुन्छ । उसको बोलीमा, स्टाटसमा त्यो देखिन्छ,' शिव भन्छन्, 'भविष्यमा म के हुँ, म को हुँ, म कहाँबाट आएको हुँ, मेरो बाटो के हो भन्ने कुरा करणले आत्ममन गरेको जस्तो लाग्छ । यी कुरालाई जीवनमा मनन् गरेर बढ्छन् भन्ने कुरामा म विश्वस्त छु । उनको सांगीतिक भविष्य म उज्ज्वल देख्छु ।'

*-अनलाइन खबर डटकम*

*नेपाल आइडलमा उम्दा प्रस्तुति नेपाल आइडलमा सिजन ५ मा करणले एकपछि अर्को उम्दा प्रस्तुति दिए । उनले कहिले 'संगी' गाए त कहिले 'फूलको थुंगा हौं कि' । अनि कहिले 'के लत बस्यो' जस्तो गजल त कहिले नारायण गोपालको कालजयी गीत 'अल्झेछ क्यारे पछ्यौरी ।' सबै खालका गीतमा उनले जबर्जस्त प्रस्तुति दिंदै जज र संगीतप्रेमी श्रोताको मन जिते । नेपाल आइडलमा आउने धेरै अतिथिहरुले भन्थे- 'वाह, कस्तो मीठो गाएको । तपाई धेरै माथि पुग्नुहुन्छ करण ।' करणले चार महिनाको नेपाल आइडलको अवधिमा आफूलाई थप निखारेका छन् । निकै सिधा-सरल करणलाई यस्तै रुपमा रहिरहन उनलाई जज कालीप्रसाद आशीर्वाद मिश्रित आग्रह गरिरहन्छन् ।*

# प्रतिनिधिसभाबाट बजेट बहुमतले पारित



**पाल्पा**, असार ११/प्रतिनिधिसभाबाट आर्थिक वर्ष २०८१/०८२ को बजेट बहुमतले पारित भएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकमा आर्थिक वर्षको बजेट बहुमतले पारित भएको हो ।

अर्थमन्त्री वर्षमान पुनले राखेको विनियोजन विधेयक (बजेट) पारित गरियोस् भन्ने प्रस्ताव पारित भएको उपसभामुख इन्दिरा रानाले घोषणा गरेकी थिइन् । प्रतिनिधिसभामा विनियोजन विधेयक, २०८१ अन्तर्गतको दफावार छलफल सकिएसँगै सांसदहरूले राखेका खर्च कटौतीका प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिएका थिए । विभिन्न मन्त्रालयका लागि विनियोजनमा ३१ जना सांसदले खर्च कटौतीको प्रस्ताव राखेका थिए । जुन बहुमतले अस्वीकृत भएका छन् । खर्च कटौतीका प्रस्ताव बहुमतले अस्वीकृत भएपछि विनियोजन विधेयकलाई निर्णयार्थ प्रस्तुत गरिएको थियो । प्रतिनिधिसभमा जेठ २९ गतेदेखि विनियोजन विधेयकअन्तर्गत विभिन्न मन्त्रालय, कार्यालय तथा निकायमाथिको छलफल निरन्तर चलेको थियो । अर्थमन्त्री पुनले जेठ १५ मा सरकारको आगामी आर्थिक वर्षको बजेट संघीय संसद्को संयुक्त बैठकमा १८ खर्ब ६० अर्ब ३० करोड बराबरको बजेट प्रस्तुत गरेका थिए । प्रतिनिधिभाको मंगलबारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका निकायको विनियोजनमाथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिएसँगै मन्त्रालय, कार्यालय तथा निकायका लागि विनियोजन माथिको छलफल सकिएको थियो ।

# ब्लड बैंकका लागि पाल्पाली समाज पोखराको सहयोग

हाम्रा संवाददाता



**पाल्पा**, असार ११/पाल्पामा ब्लड बैंक सञ्चालनका लागि पाल्पाली समाज पोखराले २ लाख २९ हजार सहयोग गरेको छ । नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवा केन्द्र स्थापनार्थ 'हाम्रो ब्लड बैंक हामी बनाउछौं' भन्ने महाअभियानलाई सफल बनाउन समाजले सो रकम सहयोग गरेको हो ।

समाजले तानसेनमा एक कार्यक्रमकाबिच रकम हस्तान्तरण गरेको छ । नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले ब्लड बैंक सञ्चालनका लागि चलाएको अभियानमा समाजले २ लाख २९ हजार २ सय १९ रुपैया हस्तान्तरण गरेको हो । कार्यक्रममा पाल्पाली समाज पोखराका अध्यक्ष बालचन्द्र परिवारले रेडक्रस पाल्पाले सञ्चालन गरेको महाअभियानमा आफुहरुको पनि सहभागीता होस् भन्ने अभिप्रायले थोरै भए पनि सहयोग गरेको बताए । रेडक्रसको महान अभियानलाई समाजले मात्र होईन सबै व्यक्ति, संघ संस्थाहरुले सहयोग गरेर चाडो भन्दा चाडो पाल्पामा रक्तसञ्चार केन्द्र स्थापना गर्नु पर्नेमा परियारले जोड दिए । कार्यक्रममा शाखाका सभापति बाबुराम कार्कीले पाल्पाली समाज पोखराले महाअभियान सफल पार्नका लागि गरेको सहयोग प्रशंसनिय रहेको भन्दै आभार व्यक्त गरे । उनले विभिन्न संघ संस्था र व्यक्तिहरुबाट सहयोग रकम जुट्ने क्रम जारी रहेको बताए । सभापति कार्कीले हालसम्म नमस्ते पाल्पा समाज कोरीया, पाल्पाली समाज अमेरीका लगाएतका विभिन्न संघ संस्थाहरु, व्यक्तिहरुबाट ३५ लाख ४६ हजार १ सय ५८ रुपैयाँ रकम प्राप्त भैसकेको जानकारी दिए । तानसेन नगरपालिकाका निवर्तमान नगरप्रमुख अशोक कुमार शाहीले पाल्पाली समाज पोखराले रेडक्रस पाल्पालाई गरेको सहयोग जस्तै अन्य संघसंस्था, व्यक्तिहरुलाई रकम संकलन सहयोग अभियानमा सहभागी हुन अनुरोध गरे । रेडक्रस पाल्पाका अधिकृत विनोद भारतीले जिल्लामै रक्तसञ्चार केन्द्र सञ्चालनको लागि रेडक्रस पाल्पाले विगत १ बर्षदेखी निरन्तर सहयोग अभियान सञ्चालन गर्दै आएको बताए । रक्तसञ्चार केन्द्र स्थापनको लागि पुन्य कार्यमा सहभागी हुन सबैमा अधिकृत भारतीले अनुरोध गरे । रक्तसञ्चार केन्द्र स्थापना भएपछी पाल्पाका ठूला अस्पतालहरुमा आवश्यक पर्ने रगत पाल्पाबाटै उपलब्ध हुनेछ । कार्यक्रम पाल्पाली समाज पोखराका महासचिव सञ्जय आत्रेयको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले :**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने र समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने र झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,
- बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

लुम्बिनी प्रदेश सरकार

**गृह मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

## खेलकुद समाचार

### अफगानिस्तान विश्वकपको सेमिफाइनलमा



**काठमाडौं**, असार ११/ऐतिहासिक जीतसहित अफगानिस्तान आईसीसी टी-२० विश्वकप क्रिकेटको सेमिफाइनलमा प्रवेश गरेको छ । विश्वकप क्रिकेटको सुपर आठअन्तर्गतको अन्तिम खेलमा बङ्गलादेशलाई डकवर्थ लुइस नियमका आधारमा ८ रनले हराउँदै अफगानिस्तान पहिलो पटक सेमिफाइनलमा पुगेको हो ।

जीतका लागि १९ ओभरमा १ सय १४ रनको लक्ष्य पछ्याएको बङ्गलादेश १७ ओभर ५ बलमा १ सय ५ रन बनाउँदा अल आउट भयो । बङ्गलादेशका लिटन दासले नट आउट ५४ रन बनाए । अफगानिस्तानका कप्तान राशिद खान र नवीन उल-हकले समान ४ विकेट लिए । यस्तै फजल फरूकी र गुलबदिन नइबले समान १ विकेट लिए । मंगलबारको खेलमा अफगानिस्तानका कप्तान राशिदले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा सबैभन्दा छिटो १ सय ५० विकेट लिने कीर्तिमान बनाएका छन् । राशिदले न्युजिल्यान्डका टिम साउदीलाई पछि पार्दै ९२ खेलमा १ सय ५२ विकेट लिएका छन् ।

साउदीले १ सय १७ खेलमा यो उपलब्धि हासिल गरेका थिए । साउदीले अहिलेसम्म १ सय २६ खेलमा १ सय ६४ विकेट लिएका छन् । यस्तै राशिद खान टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा सबैभन्दा धेरै ४ विकेट हल लिने खेलाडी पनि बनेका छन् । उनले आजको खेलमा सहित अहिलेसम्म ९ पटक ४ विकेट हल लिएका छन् । यस्तै बङ्गलादेशका शाकिब अल हसनले ८ र युगान्डाका हेनरी सेसेन्योन्दोले ७ पटक ४ विकेट हल लिएका छन् ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक बढ्यो

**पाल्पा**, असार ११/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कले बढेको छ । मंगलबार नेप्से परिसूचक पाँच दशमलव ६० अङ्कले बढेको हो ।

नेप्से बढेसँगै दुई हजार ७१ दशमलव ७७ बिन्दुमा कायम भएको छ । सो अवधिमा तीन सय १९ कम्पनीको ९४ लाख ३५ हजार चार सय ५४ कित्ता शेयर ६० हजार आठ सय ५८ पटक खरिदबिक्री हुँदा चार अर्ब १८ करोड ७७ लाख ९६ हजार आठ सय ३३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

बैंकिङ समूह शून्य दशमलव ४६, वित्त समूह दुई दशमलव १५, निर्जीवन बीमा शून्य दशमलव २२, व्यापार शून्य दशमलव १८ र अन्य समूह शून्य दशमलव ०१ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । विकास बैंक समूह शून्य दशमलव ३२, होटल तथा पर्यटन एक दशमलव १२, जलविद्युत् एक दशमलव १८, लगानी एक दशमलव ७०, जीवन बीमा शून्य दशमलव ५५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३९, लघुवित्त शून्य दशमलव ३४ र लघुवित्त शून्य दशमलव ४२ प्रतिशतले बढेको छ । ग्लोबल आईएमई बैंक डिबेञ्चर २०८४/८५ को शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएको शेयर संख्याका आधारमा सबैभन्दा धेरै १४ करोड ८३ लाख आठ हजार १६ बराबरको दुई लाख २४ हजार नौ सय ९२ बराबरको कारोबार भएको छ ।

# विद्यार्थीसँग पुष्पलाल...

...पुष्पलालले नेपाल तथा प्रजातान्त्रिक व्यवस्था ल्याउन खेलेको भूमिका, २००६ सालमा नेकपाको स्थापना, २०१५ सालको आम निर्वाचन, पञ्चायती शासन व्यवस्था हटाउन खेलेको भूमिका बारे सहायक क्याम्पस प्रमुख खनालले विद्यार्थीहरुलाई जानकारी गराए ।

कार्यक्रममा विद्यार्थी अञ्जु क्षेत्रीले पुष्पलालको जीवनी तथा संघर्षका कुराहरु राम्रोसँग जान्ने मौका पाएको बताईन् । विद्यार्थीहरुलाई पुष्पलाल, विपि कोईराला जस्ता नेपालका महान नेताहरुको जीवन दर्शन आजकलका युवा तथा विद्यार्थीहरुलाई जानकारी दिने सही समय भएकाले विद्यार्थीसँग पुष्पलाल कार्यक्रम गरिएको प्रतिष्ठानका अध्यक्ष गोविन्द भट्टराईले बताए । प्रतिष्ठानका अध्यक्ष भट्टराईको अध्यक्षता, उपाध्यक्ष गोपाल प्रसाद बस्यालको स्वागत, सचिव गणेश ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो । पुष्पलालको जन्म विसं १९८१ असार १५ मा भएको थियो भने २०३५ साल साउन ७ गते भारतको नयाँदिल्लीमा उपचारका क्रममा निधन भएको थियो ।

## मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना

उप्रान्त निवेदक पाल्पा जिल्ला साविक हुँगी -६ हाल रम्भा- १ निवासी चन्द्र कुमारी कडरियाले कृष्णराजको बुहारी पदमदेव कडरियाको श्रीमती एवं मेरी जेठी सासु माया कुमारी कडरिनीको मिति २०५३/१०/११ मा मृत्यु भएको मृतक माया कुमारी कडरिनीको नाममा साविक हुँगी- ६ कि.नं. ४३ को जग्गा भएको रहेको, ज.ध. को श्रीमान् पदम देव कडरियाको समेत वि.सं. १९९४ माघ महिनामा मृत्यु भएको साथै ज.ध. दम्पत्तिको निसन्तान अवस्थामा मृत्यु भएको, ज.ध. का ससुरा कृष्णराज कडरियाको वि.सं. १९८५ श्रावण महिनामा मृत्यु भएको, सासु लाल कुमारी कडरिया समेत वि.सं.१९९० मंसिर महिनामा मृत्यु भएको, कृष्णराज कडरिया दम्पतिबाट छोरीको जन्म नभएको, छोराहरु २ जना रहेकोमा जेठो पदमदेव कडरियाको वि.सं. १९९४ साल, कान्छो चन्द्र कान्त कडरियाको मिति २०४६/१२/२९ मा मृत्यु भएको, चन्द्र कान्त कडरियाको एकमात्र श्रीमती टिका कुमारी कडरियाको समेत मिति २०७८/०८/०४ मा मृत्यु भएको, चन्द्रकान्त कडरियाको २ विवाहित छोरी सावित्रा पन्त र हेम कुमारी पन्त मध्ये हेम कुमारी पन्तको २०७१/०९/१५ मा मृत्यु भएको, चन्द्रकान्त कडरियाको एकमात्र छोरा विद्याराज कडरिया भएकोमा निजको समेत मिति २०८०/०६/१० मा मृत्यु भएको, विद्याराज कडरियाको मृत्यु पछिको हकदारमा निजको एकमात्र श्रीमती चन्द्र कुमारी कडरिया भएको साथै निज ज.ध. को लालन पालन, काजक्रिया समेत आफैले गरेको हुँदा ज.ध. माया कुमारी कडरिनीको नामको जग्गा एकलौटी ना. सा. गरी पाउँ भनी निवेदन दिएको ।

यसमा पाल्पा जिल्ला साविक हुँगी ६ कि.नं. ४३ जग्गामा हकभोग कस्को छ ? निवेदकको हकभोग छ, छैन ? ज.ध. माया कुमारी कडरिनीको मृत्यु भएको हो वा होईन ? माया कुमारी कडरिनी र माया कुमारी कडरिया गरेको व्यक्ति एउटै हो वा होईन ? ज.ध. को श्रीमान् पदमदेव कडरिया, ससुरा कृष्णराज कडरिया, सासु लाल कुमारी कडरियाको समेत मृत्यु भएको हो वा हाईन ? ज.ध. दम्पति नि:सन्तान हो वा होईन ? ज.ध.को मृत्यु पछिको हकदार देवर चन्द्रकान्त कडरिया, देउरानी टिका कुमारी कडरियाको समेत मृत्यु भएको हो वा होईन ? चन्द्रकान्त कडरियाका एकमात्र छोरा विद्याराज कडरियाको मृत्यु भएको हो वा होईन ? चन्द्रकान्त कडरियाका २ छोरी सावित्रा पन्त र हेम कुमारी पन्त मध्ये हेम कुमारी पन्तको मृत्यु भएको हो वा होईन ? विद्याराज कडरियाको एकमात्र श्रीमती/ज.ध. को मृत्यु पछिको हकदार चन्द्र कुमारी कडरिया हुन् वा होईनन् ? अन्य कोही हकदार छन् की ? ज.ध. को औषधी उपचार पालनपोषण, मृत्यु पश्चातको घाटकर्म, काजक्रिया र संस्कार अनुसारको दानपुण्य लगायतका खर्च निवेदकले गरेको हो वा हाईन ? निवेदक वाहेक अरु कोही कसैले गरेको हो की ? माथी उल्लेखित कि.नं.को सबैभन्दा नजिकको हकदार निवेदक चन्द्र कुमारी कडरिया हो वा होईन ? अरु कोही हो की ? निजका नाममा एकलौटी नामसारी गरिदिँदा अरु कोही कसैलाई असर पर्छ कि पर्दैन ? निवेदकका नाममा एकलौटी नामसारी गरिदिन मिल्छ मिल्दैन ? निवेदक बाहेक अरु कोही कसैका नाममा नामसारी हुनुपर्ने भएमा, निवेदन मागदावी बमोजिम गरिदिंदा कोही कसैलाई असर पर्ने भएमा वा निवेदकका नाममा एकलौटी नामसारी गर्न नमिल्ने भएमा वाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुन बमोजिम निवेदकका नाममा एकलौटी नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

इति सम्वत २०८१ साल असार १० गते रोज ०२ मा शुभम् ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com प्रा.जि.हु.द.नं. ५/२०७८/०७९, प्रा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक जगदीशप्रसाद भट्टराई